# सिन्धुली जिल्ला अदालत

## सिन्धुलीमाडी

(प्रशासन शाखा)

प.स. ०७६/७७

च.नं. ११६

मितिः- २०७६।०५।०१

सूचना । सूचना ।। सूचना ।।।

विषयः- समाजसेवी, बाल मनोबिज्ञ वा बाल बिशेषज्ञ अद्यावधिक सम्बन्धमा।

यस अदालतको बाल इजलाशमा समाजसेवी, बाल मनोविज्ञ वा बाल बिशेषज्ञको रुपमा काम गर्न इच्छुक समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा सुचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएका मितिले ३० दिन भित्र यस अदालतमा निबेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>चाहिने आवश्यक योग्यताः</u>

१. समाजसेवीका लागिः- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालबिकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाज सेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसुरमा अदालवाट सजाय नपाएको ।

२. बालमनोविज्ञ वा बाल विशेषज्ञका लागिः- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तिमा २ महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

<u>निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु</u>

१ शैक्षिक योग्यता

२ तालिम

३ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ वमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सुचिकृत भएको प्रमाण-पत्र ।

४ नागरिकताको प्रमाणित प्रतिलिपी

(                    )

श्रेस्तेदार